# भैरबी राजपत्र

खण्ड ५) भैरीकालिकाथुम, दैलेख, चैत्र २३ गते, २०७९ साल (संख्या २ भाग-२

**भैरबी गाउँपालिका**

**भैरबी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित**

**भैरबी सामुदायिक विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९**

**प्रस्तावना:** भैरबी गाउँपालिकास्थित सामुदायिक र सरकारी विद्यालयबाट उत्तिर्ण भई प्राविधिक वा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वाञ्छनीय भएकोले,

भैरबी विनियोजन ऐन २०७९ **ले दिएको अधिकार प्रयोग गरी भैरबी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।**

परिच्छेद-१

**सङ्क्षिप्त नाम र प्रारम्भ**

**१ सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम भैरबी सामुदायिक विद्यालय छात्रवृत्ती व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि सामुदायिक विद्यालयको हकमा मात्र लागू हुनेछ ।

**२ परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले भैरबी गाउँपालिका सम्झनु पर्छ ।

(ख) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक गुठी, निजी शैक्षिक गठी, सहकारी तथा कम्पनीको रुपमा अनुमति प्राप्त गरी सञ्चालित पूर्व प्राथमिक तथा वैकल्पिक विद्यालयरू समेतलाई जनाउँछ ।

(ग) "छात्रवृत्ति" भन्नाले तोकिएको मापदण्ड बमोजिम छनौट भएका विद्यार्थीलाई प्राविधिक वा उच्च शिक्षा अध्ययन गर्नका लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

**३ छात्रवृत्ति प्रदान गर्न सक्नेः** भैरबी गाउँपालिकाले सामुदायिक र सरकारी विद्यालयबाट उत्तिर्ण भई प्राविधिक वा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

**४ सूचना प्रकाशन गर्नुपर्नेः** दफा ३ बमोजिमको छात्रवृत्ति प्रदान गर्न गाउँपालिका/सम्बन्धित वडा कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा वडा कार्यालयको सूचना पाटीमा १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

**५ निवेदन दिनुपर्नेः** दफा ४ बमोजिम सूचना प्रकाशित भएपछी छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

## परिच्छेद–३

## छात्रवृत्ति छनोट समिति सम्बन्धी व्यवस्था

**६ गाउँपालिका छात्रवृत्ति छनोट समितिः** यस कार्यविधि बमोजिम गाउँपालिकालाई विनियोजित बजेटबाट छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनोट गर्न देहायबमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछः-

| | |
|---|---|
| (क) अध्यक्ष, गाउँपालिका | -संयोजक |
| (ख) उपाध्यक्ष, गाउँपालिका | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) शाखा प्रमुख/प्रतिनिधि, योजना शाखा, भैरबी गाउँपालिका | -सदस्य |
| (ङ) शाखा प्रमुख/प्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखा, भैरबी गाउँपालिका | -सदस्य-सचिव |

**७ गाउँपालिका छात्रवृत्ति छनोट समितिको काम र कर्तब्यः** गाउँपालिका छात्रवृत्ति समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) गाउँपालिकाभित्र रहेका विद्यालयको सूची तयार गर्ने,

(ख) गाउँपालिकाभित्र रहेका विद्यालयका व्यवस्थापन समिति र प्र अ संग समन्वय गर्ने,

(ग) गाउँपालिकाभित्र रहेका विद्यालय मार्फत विपन्न र जेहेन्दार विद्यार्थीको सूचना तयार गर्ने,

(घ) छात्रवृत्तिका लागि आवेदन प्राप्त गर्ने,

(ङ) छात्रवृत्तिका लागि प्राप्त आवेदन मूल्याँकन गर्ने,

(च) वस्तुनिष्ट छनोट प्रकृया अवलम्बन गर्ने,

(छ) छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनोट गर्ने।

**<u>८. वडा छात्रवृत्ति छनोट समितिः</u>** यस कार्यविधि बमोजिम वडाबाट विनियोजित बजेटबाट छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनोट गर्न देहायबमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछः-

| | |
|---|---|
| (च) वडा अध्यक्ष, सम्बन्धित वडा | -संयोजक |
| (छ) वडा सदस्य, ४ जना, सम्बन्धित वडा | -सदस्य |
| (ज) शाखा प्रमुख/प्रतिनिधि, शिक्षा, युवा तथा खेलकुद शाखा, भैरबी गाउँपालिका | -सदस्य |
| (झ) वडा सचिव, सम्बन्धित वडा | -सदस्य-सचिव |

**<u>९ वडा छात्रवृत्ति छनोट समितिको काम र कर्तव्यः</u>** वडा छात्रवृत्ति समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(ज)वडाभित्र रहेका विद्यालयको सूची तयार गर्ने,

(झ)वडाभित्र रहेका विद्यालयका व्यवस्थापन समिति र प्र अ संग समन्वय गर्ने,

(ञ)वडाभित्र रहेका विद्यालय मार्फत विपन्न र जेहेन्दार विद्यार्थीको सूचना तयार गर्ने,

(ट)छात्रवृत्तिका लागि आवेदन प्राप्त गर्ने,

(ठ)छात्रवृत्तिका लागि प्राप्त आवेदन मूल्याँकन गर्ने,

(ड)वस्तुनिष्ट छनोट प्रकृया अवलम्बन गर्ने,

(ढ)छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनोट गर्ने।

**<u>१० समावेशिता कायम गर्नुपर्नेः</u>** समितिले दफा ५ बमोजिम विद्यार्थी छनोट गर्दा वडाभित्रका महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग, मुस्लिम, पिछडिएको क्षेत्र र बिपन्न खस आर्यमध्येबाट छनोट गर्नु पर्नेछ।

<u>परिच्छेद-४</u>

## <u>विविध</u>

**<u>११ भुक्तानीका लागि गाउँपालिका समक्ष पेश गर्नेः</u>** (१) समितिले छनोट गरेका विद्यार्थी सम्बन्धित वडाको सिफारिस र सम्बन्धित शैक्षिक संस्थाको बैंक खाता सहित भुक्तानीका लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कागजात पेश भएपछी गाउँपालिकाले सोको अध्ययन गरी सम्बन्धित शैक्षिक संस्थाको बैंक खातामा छात्रवृत्तिको रकम प्रदान गर्न सक्नेछ।

**१२ जिम्मेवारी र जवाफदेहिताः** (१) छात्रवृत्ति वितरणको सम्पूर्ण जिम्मेवारी र जवाफदेहिता समितिको हुनेछ।

(२) छात्रवृत्ति रकमको दुरुपयोग गरेको पुष्टी भएमा छात्रवृत्ति प्राप्त गर्ने सम्बन्धित सरोकारवालासंग असुलउपर गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि लेखी पठाउनु पर्नेछ।

(२) छात्रवृत्ति सम्बन्धी बजेटको लेखा राख्ने तथा लेखापरीक्षण गर्ने दायित्व सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत र निजको लेखा प्रशासन प्रमुखको हुनेछ।

**१३ छात्रवृत्ति रकमको सीमाः** छात्रवृत्ति स्वरुप इन्जिनियरिङ्गका लागि प्रति विद्यार्थी अधिकतम दुई लाख र एम. बि. बि. यस. अध्ययनका लागि पाँच लाखसम्म वितरण गर्न सकिनेछ।

## अनुसूची-१

**(दफा ४ संग सम्बन्धित)**

जेहेन्दार विद्यार्थी छात्रवृत्तिका लागि गाउँकार्यपालिका /वडा कार्यालयको सूचना

मितिः

भैरबी सामुदायिक विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ को दफा ३ बमोजिम यस भैरबी गाउँकार्यपालिका /वडा नम्बर ...... भित्रका महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग, मुश्लिम, पिछडिएको क्षेत्र र बिपन्न खस आर्य विद्यार्थीलाई जेहेन्दार विद्यार्थी छात्रवृत्ति प्राप्त गर्नका लागि १५ दिनभित्र देहायका कागजात सहित यस वडा कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

संलग्न राख्नुपर्ने कागजातः

१ एस ई ई परीक्षा उत्तिर्ण गरेको लब्धाँक पत्र,

२ चारित्रिक प्रमाण पत्र,

३ सम्बन्धित विद्यालयको सिफारिस।

**अनुसूची-२**

**(दफा ५ संग सम्बन्धित)**

छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले दिने निवेदनको ढाँचा

मितिः

श्रीमान् अध्यक्षज्यू/वडाध्यक्षज्यू,

गाउँकार्यपालिका/वडा नम्बर .... को कार्यालय, भैरबी गाउँपालिका, दैलेख।

विषयः छात्रवृत्ति पाउँ।

उपरोक्त सम्बन्धमा यसै गाउँकार्यपालिका /वडा नम्बर .... को कार्यालय, भैरबी गाउँपालिका, दैलेखले भैरबी सामुदायिक विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ को दफा ३ बमोजिम छात्रवृत्ति प्रदान गर्नको लागि मिति २०७९/../..... गतेका दिन १५ दिने सूचना प्रकाशित गरेकोले म महिला/दलित/आदिवासी जनजाति/अपाङ्ग/मुस्लिम/पिछडिएको क्षेत्र/बिपन्न खस आर्य वर्गको विद्यार्थी भएकोले इन्जिनियरिङ्ग/एम. बि. बि. यस. अध्ययनका लागि सूचनामा उल्लिखित कागजात सहित यो निवेदन पेश गरेकोले छात्रवृत्ति प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको/गरेकी छु।

निवेदकको हस्ताक्षरः

नामः

थरः

ठेगानाः